<u>वितरणपूर्व जाँच</u>

**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि**
**रिचर्ड बेनेटको वक्तव्य**
**राष्ट्रिय मानवअधिकार आयोग (आयोग)का नवनियुक्त पदाधिकारीहरूको अभिनन्दन समारोहमा प्रस्तुत**
काठमाडौं, २०६४ कात्तिक १६

श्रद्धेय सभामुख, मानवअधिकारप्रति प्रतिबद्ध धेरै समूहको प्रतिनिधित्व गर्ने आयोजकहरू, सञ्चारकर्मी, सहकर्मी तथा मित्रहरू :

सर्वप्रथम म आज यस अभिनन्दन समारोहलाई सफल बनाउन एकजुट भएकोमा आयोजकहरूलाई बधाई दिन चाहन्छु। तपाईंहरूले नेपाली जनताको एउटा व्यापक क्षेत्र – आदिवासी जनजाति, दलित, अपाङ्ग व्यक्तिहरू, सामुदायिक वन र खानेपानी तथा सिँचाइको उपभोक्ता समूह, र अरू व्यक्तिहरू – को प्रतिनिधित्व गर्नुहुन्छ र तपाईंहरूले यो कार्यक्रमको आयोजना गर्नाले यस देशमा मानवअधिकारप्रति बृहत् र गहिरो समर्थन रहेको जनाउँछ।

तपाईंहरूमध्ये धेरैलाई थाहै छ, मानवअधिकारको संवर्द्धन, संरक्षण तथा प्रतिवेदनलगायतका आयोगको आफ्नै कार्यादेश पूरा गर्नमा सहयोग गर्ने कार्य उच्चायुक्तको कार्यालयको कार्यादेशभित्र पर्दछ। त्यसै कारणले मेरो कार्यालयले आयोगका नयाँ आयुक्तहरूको नियुक्तिलाई यस देशमा मानवअधिकारको विकासका लागि एउटा महत्त्वपूर्ण उपलब्धिका रूपमा चाँडै नै स्वागत गऱ्यो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरूको समर्थन गर्ने एउटा सशक्त र स्वतन्त्र राष्ट्रिय मानवअधिकार संस्था नेपालमा मानवअधिकारको संवर्द्धन तथा संरक्षण र शान्ति प्रक्रियाको सफलताका लागि अत्यावश्यक छ।

सबै नेपालीद्वारा सम्मान गरिने एउटा स्थायी, सशक्त संवैधानिक निकायका रूपमा आयोगको प्रस्फुटन नेपालमा आफ्नो उपस्थितिको सफलताको एउटा सूचक हुनेछ भन्ने उच्चायुक्तको कार्यालय ठान्दछ। यो लक्ष्य प्राप्ति गर्नका लागि हामी आगामी दिनमा उपयुक्त तरिकाबाट आयोगसँग आफ्नो साझेदारी अभिवृद्धि गर्न तयार रहनेछौं।

धन्यवाद।

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel: 4280164 ext.321, 98510.16922 (m) or mlogan@ohchr.org**